कार्यपालिकाको कार्या...
पाँडुडाँडा, दोलखा
३ नं. प्रदेश, नेपाल
२०७३

२०७६।०१।६
३१ औं बैठक

आज मिति २०७६।०१।०६ गते शुक्रबारका दिन बैतेश्वर गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको अस्थायी सम्पर्क कार्यालय मेघेचौरमा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति:</u>

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | श्री अर्जुन खड्का | सदस्य सचिव | |

३ नं. प्रदेश, नेपाल
२०७३

निर्णय नं. (१) योजना तथा कार्यक्रमको अनुगमनको सम्बन्धमा, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ (ख) ५ मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सो को प्रतिवेदन, बैठकमा पेश गर्ने मुख्य जिम्मेवारी गाउँपालिका उपाध्यक्ष रहेको, यसमा योजना तथा प्रभावकारिता, सोही ऐनको दफा २२ मा आवश्यकता अनुसार अन्य समिति र विशेष समिति गठन गर्न सकिने प्रावधान अनुसार तपसिल बमोजिमको योजना तथा कार्यक्रम अनुगमन समिति गठन गरी तपसिलको सेवा सुविधा प्रदान गर्ने निर्णय गरियो।

तपसिल

योजना तथा कार्यक्रम अनुगमन समिति

१. उपाध्यक्ष श्री रविचन्द्र आचार्य - संयोजक
२. सम्बन्धित वडा अध्यक्ष - सदस्य
३. गाउँपालिका अध्यक्ष बाट मनोनित कार्यपालिका सदस्य - सदस्य
४. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
५. इन्जिनियर वा निजले तोकेको प्राविधिक कर्मचारी - सदस्य

आवश्यकता अनुसार आमन्त्रित पदाधिकारीहरु

क) अध्यक्ष वैतरवा गा०पा०
ख) वडा सदस्य
ग) अन्य कर्मचारी

योजना अनुगमन फारामको ढाँचा तयार गरी प्रतिवेदन पेश गर्ने।

योजना तथा कार्यक्रम अनुगमन गर्ने पदाधिकारी तथा कर्मचारीको सेवा सुविधा :-

योजना तथा कार्यक्रम अनुगमन गरी प्रतिवेदन पेश गर्ने सदस्यहरुको खाना, खाजा खर्च, यातायात समेतको एक मुष्ठ खर्च प्रतिव्यक्ति रु ८००। आठ सयको दरले उपलब्ध गराउने।

निर्णय नं. (२)

हनुमन्ते सरिक्ता गुरु योजना तयार गर्न प्रदेश सरकारबाट रु ५०,००,०००। पचास लाख विनियोजन भएको सूची दर्ताको लागि सूचना प्रकाशन समेत भएको अवस्थामा यसको बाँकी प्रक्रिया अगाडि बढाउँदा यसको सम्पूर्ण प्रक्रियाहरु यस आ.व.मा नसकिने हुँदा पुनः बजेट निकासाको लागी प्रदेश सरकार संग अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. (३) आ० व० २०६६।२०६७ को वडागत योजना तर्जुमा को सम्बन्धमा छलफल गर्दा प्रत्येक वडाले आ-आफ्नो वडागत योजना तर्जुमा गरि २०६६ वैशाख मसान्त सम्म कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. (४) ~~हुम्मते~~ प्रदेश सरकार बाट यस गाउँपालिकाको वडा नं. ३ स्थित यार्सीमा नमूना कृषि नर्सरी, कैलेरवा गा०पा० वडा नं. ३ यार्सीमा बसोबास गर्ने अधिकांश स्थायी बासिन्दा (लाभग्राही) मध्ये बाट उपभोक्ता समिति गठन गरि गाउपालिकामा पेश हुन आएमा सोही उपभोक्ता समूह बाट लागत स्टिमेटको आधारमा, नमूना कृषि नर्सरी तयार गर्ने कार्य प्रकृया अगाडी बढाउन प्र.प्र. अधिकृत लाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. (५) बाल सम्वेदनशिल अभिभावक कक्षा सञ्चालन सम्बन्धमा छलफल गर्दा यस गा०पा० भित्र बाल सम्वेदन शिल अभिभावक कक्षा सञ्चालन गर्नको लागी आवश्यक कार्यविधि तयार गर्न पहुँच परियोजनालाई मुख्य जिम्मेवारी तोकी कार्यविधि तयार भएपश्चात सोही अनुसार यस गा० पा० भित्र कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं. (६) यस गा०पा० वडा ~~नं~~ नं. ५ मा सञ्चालनमा रहेको हिमालयन केयर हयाण्डस अस्पताल, (हिमाली स्वास्थ्य सहकारी मार्फत) लाई यस गाउँ पालिका बाट लगानी गरि अस्पताल व्यवस्थापन गर्ने सम्बन्धमा छलफल गर्दा यस गा.पा. को तर्फ बाट - उक्त अस्पताललाई अनुदान स्वरुप रु ४-चार लाख प्रदान गरिएकोमा निरन्तर रुपमा अनुदान दिन नसकिने भनि बेहोरा भएको सन्दर्भलाई समेत मध्यनजर गर्दै उक्त - अस्पताल यस गाउँपालिकालाई सम्पूर्ण स्वामित्व सहित हस्तान्तरण भएमा यस गाउँपालिकाको तर्फ बाट सम्पूर्ण खर्च व्यहोरी गाउँ पालिका स्तरीय नमूना अस्पतालको रुपमा विकास गर्ने यस गाउँपालिकाको आगामी बस्ने गाउँ सभामा छलफलको लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो।

निर्णय नं. (७) हाते ट्याक्टर खरिद सम्बन्धमा, गाउँ कार्यपालिका बाट प्रक्रिया अन्तिम अवस्थामा रहेकोले आधुनिक कृषि प्रणालीलाई, कृषि औजार, तथा उपकरण खरिद गर्न रु २०, बिस लाख बजेट विनियोजन भएको अवस्थामा, हाते ट्याक्टर खरिद गरी सबै वडा हरुमा समान संख्यामा वडा समितिमा हस्तान्तरण गरी, हाते ट्याक्टरको, वितरण, व्यवस्थापन र संचालन गर्न वडा कार्यालयमा जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं. (८) यस गाउँ पालिकाको चौथो गाउसभा मिति २०७५।११।०५ को निर्णय बाट विभिन्न विद्यालयहरुका अनुदान दिने रकम खर्च गर्ने सम्बन्धमा तत् विद्यालयको नाममा तोकिएको रकम निकासा गरि तत्काल विद्यालयले अनुदान रकम प्राप्त गर्ने र उक्त रकम प्राप्त गरि, आर्थिक कार्यविधि ऐन २०५५ नियमावली २०५६ सार्वजनिक खरिद ऐन २०६३ नियमावली २०६४ तथा अन्य प्रचलित कानुन, बमोजिम खर्च, सम्बन्धित विद्यालयले नै अभिलेख राख्ने, तत् पश्चात लेखा परिक्षण गराउने सहितको सम्पूर्ण जिम्मेवारी ~~[illegible]~~ सम्बन्धित अनुदान लिने विद्यालयको रहने गरि खर्च गर्ने अख्तियारी प्र.प्र.अ. लाई दिने निर्णय गरियो।

निर्णय नं. (९) २ नं. प्रदेश प्रदेश सरकार बाट रु ९८,५०,०००। सन्तानब्बे लाख पचास हजार। बजेटमा गाउँ पालीका स्तरीय कभर्डहल निर्माण गर्न मिति २०७५।१०।२२ को निर्णय नं. ३मा बैतेश्वर गाउँपालीकाको फाँटुडाडामा जग्गा उपलब्ध गराउने निर्णय भएकोमा, सार्वजनिक निर्माण कार्यान्वयन इकाई धुलिखेल बाट बैतेश्वर वडा नं.४ मै नापजाँच गरी निर्माण गर्ने सुचना प्राप्त भएकोले, बैतेश्वर गाउँ पालीका वडा नं.५ अगस्तिधारा (साबीक कोडको कि.नं. ६३) को जग्गामा कभर्डहल निर्माण गरी दिन, सार्वजनिक निर्माण कार्यान्वयन इकाई धुलिखेल लाई पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं. (१०) प्रदेश नं. ३ प्रदेश सरकार बाट समानीकरण, ~~[illegible]~~ समपुरक कोष बाट निर्माण गर्नको लागी यस गाउँपालिका बाट माग भै स्वीकृत भएका विभिन्न योजनाको डिपिआर. निर्माण अनुसन्धान गराउने निर्णय गरियो।

श्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाँडुडाँडा, दोलखा
३ नं. प्रदेश, नेपाल
२०७३

## तपसिल

क) जीपी, जोगीबिर गौरीसिद्धी, गोरमोल सडक। डिपिआर (सर्भे गर्ने)।

ख) ~~पाटु~~ यार्सी, मैनापोखरी, पाँड, ताजु खानेपानी योजनामा, योजनामा ~~...~~ कटरजैन्ती रकम बाट रु ५०००००। पाँचलाख DPR मा खर्च गर्ने।

निर्णय नं.(११) यस गाउँ पालिकाको १-८ वडा हरुमा अन-लाइनमार्फत व्यक्तिगत घटना दर्ता। सामाजिक सुरक्षा भत्ताको अभिलेखीकरण गर्दै आएको, समय समयमा नेट उपलब्ध नहुने कठिनाइ भएकोले सबै वडाको लागी ६ महिनाको नेटशुल्क भुक्तानी गरि सेवा निरन्तर राख्ने निर्णय गरियो।

निर्णय नं.(१२) डाँडा गाउँ चौतरी, कार्तिके खाप ~~...~~ सडक निर्माण गर्ने सम्बन्धमा यस कार्यालय बाट मिति २०७५।११।२१ मा उपभोक्ता समिति अध्यक्ष श्री प्रेमकुमार खोल संगको सम्झौता गरि बैतेश्वर गाउँपालिका वडा नं.६ र ८ का वडा अध्यक्ष हरुको रोहवरमा गएको भन्ने वडाको सिफारिस भएको सम्झौताको लागी आउने उपभोक्ता समिति संग सम्झौता गर्न प्रमुख प्रशासकिय अधिकृत लाई निर्देशन दिने निर्णय गरियो।